आ.व. २०८३।८४
बैठक नं.-०२
मिति २०८३।०५।३१

**मिति २०८३।०५।३१ गते राप्ती गाउँकार्यपालिकाका कार्यवाहक अध्यक्ष श्री कमलापति चौधरी ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु**

१. LGPAS को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।

२.LOCAL परियोजना सम्बन्धमा ।

३.अनुगमन प्रतिवेदन सम्बन्धमा।

४. रुरु गाँउपालिका गुल्मीलाई श्री ह्विलर्स खरिदका लागी रकम उपलब्ध गराउने सम्बन्धमा।

५. गाँउपालिकावाट अनुदान प्राप्त सामुदायिक विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षक कर्मचारी परिचालक,सहयोगीको आ.व.२०८३।०८४ को तलब स्केल निर्धारण सम्बन्धमा ।

६. विद्यालय एकिकरण गर्ने सम्बन्धमा ।

७.गाउँपालिका अनुदान शिक्षक पद सृजना सम्बन्धमा।

८.रोटरी क्लब अफ राप्ती संग ह्विल चेयर खरिदको लागी लागत साझेदारी सम्बन्धमा ।

९.स्रोत सुनिश्चित सम्बन्धमा।

१०.घ वर्ग ईजाजतपत्र सम्बन्धमा ।

११.ज्यालादारी कर्मचारीको ज्याला कायम सम्बन्धमा।

१२.आर्थिक सहयोग सम्बन्धमा ।

**आ.व. २०८३।८४**
**बैठक नं.-०२**
**मिति २०८३।०५।३१**

निर्णय नं.१ राप्ती गाँउपालिकाको आ.व.२०८२।०८३ को स्थानिय शासन कार्य सम्पादन मुल्याङ्कन(LGPAS) स्वमूल्याङ्कन समितिले पेश गरेको प्रारम्भिक प्रतिदेन स्वीकृत गरी पृष्ठपोषणका लागी जि.स.स.मा पेश गर्ने ।

निर्णय नं.२ मिति २०८३।०४।१३ गतेको कार्यपालिकाको निर्णय संशोधन सहित आर्थिक वर्ष २०८३/८४ का लागि LoCAL बाट सन्चालन गरिने जलवायु अनुकूलनका लगानी परियोजनाहरू/क्रियाकलापहरूको तपसिल वमोजिम छनोट एवम् बजेट सुनिश्चित गर्ने ।

| क्र.स. | योजनाहरू | लोकाल बजेट | गाउँपालिकाबाट सुनिश्चित गर्ने | कुल बजेट |
|---|---|---|---|---|
| १ | खुरुरिया खानेपानी योजना, वडा नं. ३ | रु. १ करोड ८० लाख | २० लाख | २ करोड |
| २ | बाउन्नेपाटा खानेपानी योजना, वडा नं. २ | रु. ५० लाख | ५ लाख | ५५ लाख |
| ३ | वडा नं. ६ को वडा कार्यालय भवन संरक्षण योजना, वडा नं. ६ | रु. ८० लाख | १० लाख | ९० लाख |
| ४ | तल्लो घोष खोला सिचाई आयोजना (अपुरो) | रु २० लाख | रु १० लाख | ३० लाख |
| ५ | पिपरीखोला जुटपानी सिँचाइ योजना, वडा नं. ८ | रु. २० लाख | ३ लाख | २३ लाख |
| ६ | लोकाल कार्यक्रम संग सम्बन्धित परामर्श सेवा | रु २५ लाख | 0 | |
| ७ | गाउँपालिका संग साझेदारीमा जलवायु अनुकुलन कार्यक्रम | रु १६ लाख | | |

आ.व. २०८३।८४
बैठक नं.-०२
मिति २०८३।०५।३१

निर्णय नं.३ राप्ती गाँउपालिपालिकाको आ.व.२०८३।०८४ को भाद्र मसान्त सम्मको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं.४ राप्ती गाँउपालिकाको आ.ब.२०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत व.उ.शि.नं.८०५५६५०६१०१ खर्च शिर्षक नं.३११२१ आ.व.२०८२।०८३ को पुजीगत तर्फको दायित्व भुक्तानी(रुरु गाउँपालिका गुल्मीलाई सवारी साधन प्रदान)शिर्षकमा विनियोजन भएको रु १०,००,०००।–(अक्षरुपी दश लाख) को योजना/कार्यक्रम कार्यान्वयन(खरिद प्रकृया)सम्बन्धित गाँउपालिका वाटै गर्ने गरी दुई पालिका विच सम्झौता गर्ने र खरिद सम्पन्न गरे पश्चात रुरु गाँउपालिका गुल्मीलाई सोझै रकम हस्तानतरण गर्ने गरी देहायबमोजिम कार्यक्रम संशोधन गर्ने। देहाय

**अन्तरपालिका सहयोग आदान प्रदान रुरु गाउँपालिका गुल्मीलाई विधुतिय सवारी साधन खरिदका लागी वित्तिय सहयोग हस्तानतरण व.उ.शि.नं.८०५५६५०६१०१ खर्च शिर्षक नं.३११२१ को रु १०,००,०००।– (अक्षरुपी दश लाख)**

निर्णय नं.५ राप्ती गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत गाउँपालिका अनुदान शिक्षकहरू वालविकास सहजकर्ता , विद्यालय सहयोगी , कर्मचारी तथा सिकाई केन्द्रको परिचालक गृहणी शिक्षकहरुको आ. व. २०८३/०८४ का लागि तपसिल वमोजिमको तलब स्केल स्वीकृत गर्ने निर्णय गरियो । तपसील:

| क्र.स. | विवरण | संघवाट प्राप्त तलव | गा.पा. अनुदान तलव | १०% ले वृद्धि | आ.व.२०८३।०८४ मा कायम हुने तलव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मा. वि. गा. पा. शिक्षक | ० | ३०,५०० | ३०५० | ३३५५० | |
| २ | नि. मा. गा.पा. शिक्षक | ० | २५००० | २५०० | २७५०० | |
| ३ | प्रा. वि. गा.पा. शिक्षक | ० | २३००० | २३०० | २५३०० | |
| ४ | गृहणी शिक्षक | १२००० | ११००० | ११०० | १२१०० | |
| ५ | शुद्ध गा. पा सहयोगी | ० | १९५५० | १९५५ | २१५०५ | |
| ६ | शुद्ध गा पा वालविकास सहज कर्ता | ० | २०,५०० | २०५० | २२५५० | |
| ७ | साझेदारी वालविकास | १७००० | ८५०० | ८५० | ९३५० | |
| ८ | साझेदारी विद्यालय कर्मचारी | २०००० | ८००० | ८०० | ८८०० | |
| ९ | साझेदारी विद्यालय सहयोगी | १५००० | ९५५० | ९५५ | १०५०५ | |
| १० | सिकाई केन्द्र परिचालक | १२००० | | ७५५० | ७५५० | |

निर्णय नं.६ राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०७९को नियम १९ र शिक्षा नियमावली,२०५९ को दशौ संशोधनको नियम १२क मा भएको व्यवस्था वमोजिम यस

आ.व. २०८३।८४
बैठक नं.-०२
मिति २०८३।०५।३१

गाउँपालिकाको विद्यालय समायोजन तथा एकीकरण सम्वन्धी अनुगमन टोलीको प्रतिवेदन तथा रात्री प्रथामिक विद्यालय मौरीघाटको विद्यालय व्यवस्थापन समितिको निर्णय र मिति २०८३।०४। १३ गतेको गाउँशिक्षा समितिको सिफारिसको आधारमा साविकको रात्री प्रा. वि. मौरीघाट मा वालविकास पठन पाठन गर्ने गरि मात्र विद्यालय(सो संग सम्बन्धित सम्पुर्ण भौगोलीक संरचना,सम्पती र सामाग्री लगाएत)को स्वामित्व मा. वि. मौरीघाटलाई सम्पुर्ण स्वामित्व हस्तान्तरण गरि एकिकरण गर्ने र उक्त विद्यालयमा कार्यरत स्थाई प्रा. वि. तहका शिक्षकहरु श्री मिन राज ज्ञवाली र श्री कुल राज जैशीलाई, मा. वि. मौरीघाटमा पदस्थापना गर्ने र त्यस विद्यालयमा कार्यारत गा.पा. अनुदान शिक्षक श्री गिता चौधरीलाई शंकर मा. वि. पिपरीमा पदस्थापना गरि विद्यार्थी, वाल विकास शिक्षक, कार्यालय सहयोगी ,चल-अचल सम्पत्ति तथा सम्पूर्ण अभिलेख सम्बन्धित विद्यालयमा हस्तान्तरण गर्ने ।

निर्णय नं.७ राप्ती गाँउपालिका वडा नं. ९ स्थित देवी आ.वि. मसरिडाडामा चालु शैक्षिक शत्रमा कक्षा -८ अनुमति पाई संचालनमा रहेको हुदाँ सो विद्यालयमा नेपाली / सामाजिक -१ र विज्ञान शिक्षक -१ गरि २ वटा नि.मा.वि गा.पा. अनुदान शिक्षक आवश्यक देखिएको हुदा उक्त पदहरु सृजना गरि पदपुर्ति गर्ने ।

निर्णय नं.८राप्ती गाँउपालिका भित्रका अपाङ्गता भएका व्यक्तीहरुलाई रोटरी क्लब अफ राप्ती संगको साझेदारीमा २० थान ह्विलचेयर प्रदान गर्ने उक्त कार्यका लागी प्रति ह्विलचेयर रु सात हजार(७०००)का दरले जम्मा रु एक लाख चालिस हजार रुपैया राप्ती गाँउपालिकाको आ.व.२०८३।८४ मा महिला बालबालिका तथा जेष्ठ नागरीक शाखावाट अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीक खरिद वितरण तथा विविध शिर्षकवाट रु ४००००।– र संघ संस्थाहरु संग साझेदारी कार्यक्रमबाट रु १०००००।– गरी कुल जम्मा १ लाख ४० हजार लागत साझेदारी गर्ने ।

निर्णय नं.९ राप्ती गाँउपालिका अन्तर्गत भालुबाङ स्वास्थ्य चौकी परिसर भित्र ईन्टरलकिङ ब्लक र बाहिरि पर्खाल निर्माणको लागी आ.ब.२०८३।८४ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च शिर्षकमा विनियोजीत रकम मध्येबाट रु ८०००००।–(आठ लाख) खर्चहुने गरी लागत अनुमान स्वीकृत गर्ने ।

निर्णय नं.१० राप्ती गाँउपालिकाको घ वर्गको निर्माण ब्यवसायी ईजाजत जाँच बुझ समितिकाको सिफारीस अनुसार राप्ती गाँउपालिका वडा नं.१ निवासी श्री नेत्र प्रसाद खनाल राप्ती-०१ शान्तीपुर(चैते)प्रोपराईटर रहेको खाडामहाराज कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि.राप्ती गा.पा.-१ शान्तीपुर(चैते)दाङलाई ईजाजतपत्र प्रदानको लागी अनुमति दिने ।

निर्णय नं.११ तपसिलमा उल्लेखीत ज्यालादारी कर्मचारीको मासिक ज्याला तपसिल अनुसार कायम गर्ने

तपसिल

| क्र.स. | स्वास्थ्य संस्थाको विवरण | ज्यालादारी कर्मचारीको नाम | ज्याला रु. |
|---|---|---|---|
| १ | मसुरिया सामुदायिक स्वास्थ्य ईकाई | सुनसरी चौधरी | १६०००।- |

आ.व. २०८३।८४
बैठक नं.-०२
मिति २०८३।०५।३१

| | | | |
|---|---|---|---|
| २ | बाहुनिपाटा सामुदायिक स्वास्थ्य ईकाई | भुमि कुमारी वुढा | १२०००।- |
| ३ | देविकोट सामुदायिक स्वास्थ्य इकाई | चुमा सुनारी मगर | १२०००।- |

निर्णय नं.१२ तपसिल बमोजिमका व्यक्ती तथा संघ/संस्थालाई देहाय अनुसार आर्थिक सहयोग प्रदान गर्ने ।

**देहाय**

| क्र.स. | नामथर | ठेगाना | स्वीकृत सहयोग रकम | कै |
|---|---|---|---|---|
| १ | तेज बहादुर क्षेत्री | राप्ती-९ | ७ ०००।- | |
| २ | सुनिला चौधरी | राप्ती -६ | ७०००।- | |
| ३ | नेपाल विद्यालय कर्मचारी परिषद | काठमाण्डौ | ७०००।- | |
| ४ | मोहन थापा | राप्ती-९ | १००००।- | |
| ५ | रक्तिम अभियान | काठमाण्डौ | ७०००।- | |
| ६ | तुल्सीराम चौधरी | राप्ती-४ | ७०००।- | |
| ७ | गणेश के.सी. | राप्ती-१ | ७०००।- | |